श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी चीन सरकारको अनुदान सहायतामा पुनः निर्माण भैरहेको बाह्रबिसे – कोदारी राजमार्गको कामको लागि नेपाल आएल निगमबाट खरीद गरिएको पेट्रोल र डिजेलहरुमा लागेको भन्सार महसूल तथा बिक्रीकर पूर्ण रूपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,<br>
लोकबहादुर श्रेष्ठ<br>
श्री ५ को सरकारको का.मु. सचिव

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना

श्री ५ को सरकारले खण्ड ३३ मिति २०४०।४।१७, अतिरिक्ताङ्क १४ को नेपाल राजपत्र भाग ३ मा यस मन्त्रालयबाट प्रकाशित झिटी-गुण्टा सम्बन्धी आदेशको दफा १ को खण्ड (ब) पछि देहायको खण्ड "भ" समावेश गर्ने र दफा ७ मा उल्लिखित "२ र" भन्ने अङ्क र अक्षर झिक्ने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

"(भ) निषेधित नभएका अन्य सामान ।"

आज्ञाले,<br>
लोकबहादुर श्रेष्ठ<br>
श्री ५ को सरकारको का.मु.सचिव

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी धरानस्थित अन्धा स्कूलको लागि हङ्कङ्गस्थित बृटिश नागरिक तथा कर्मचारीहरूले उपहारमा प्रदान गरेको स्टर्लिङ्ग पाउण्ड ३,०१०।३६ मूल्य बराबरको अन्धाहरूले प्रयोग गर्ने सामानहरूको आयातमा लाग्ने भन्सार महसूल तथा बिक्रीकर पूर्ण रूपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,<br>
लोकबहादुर श्रेष्ठ<br>
श्री ५ को सरकारको का.मु.सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार
## अर्थ मन्त्रालयको
## सूचना

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकार तथा युनिसेफको संयुक्त आयोजनामा सञ्चालित ग्रामीण महिलाहरूको लागि उत्पादन ऋण व्यवस्था कार्यक्रम आयोजनाको कामको लागि युनिसेफले अनुदानमा उपलब्ध गराएको अमेरिकी डलर १०,०२०।९५ मूल्य बराबरको टोयोटा गाडी एकको आयातमा लाग्ने भन्सार महसूल तथा बिक्रीकर पूर्ण रूपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
लोकबहादुर श्रेष्ठ
श्री ५ को सरकारको का.मु.सचिव

श्री ५ को सरकार
## अर्थ मन्त्रालयको
## सूचना

श्री ५ को सरकारले स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ को दफा १ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी बहुमूल्य रत्नहरूको खरीद बिक्री लेनदेनको कारोवार बाहेक अन्य सबै कारोवार र मालसामानको सम्बन्धमा उक्त ऐन देहायका जिल्लाहरूमा २०४० कार्तिक १ गतेदेखि लागू हुने गरी तोकिदिएको छ ।

१. ताप्लेजुङ
२. सँखुवासभा
३. सोलुखुम्बु
४. दोलखा
५. मुस्ताङ
६. बझाङ
७. बैतडी

आज्ञाले,
लोकबहादुर श्रेष्ठ
श्री ५ को सरकारको का.मु.सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३४५